शैल्यशिखर नगरपालिका द्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः ३ मितिः २०७९/०४/१०

भाग-१

शैल्यशिखर नगरपालिका

## शैल्यशिखर नगरपालिकाको आधारभुत स्वास्थ्य तथा सरसफाई कार्यविधि, २०७६ पहिलो संशोधन : २०७९

| | |
|---|---|
| नगरसभाबाट स्वीकृत मिति | २०७९।०३।३२ |

# शैल्यशिखर नगरपालिका

## गोकुलेश्वर, दार्चुला, सुदूरपश्चिम प्रदेश, नेपाल

## आधारभुत स्वास्थ्य तथा सरसफाई कार्यविधि, २०७६ पहिलो संशोधन : २०७९

पहिलो संशोधन मिति २०७९।०३।३२

### प्रस्तावना :

स्थानीय बासिन्दाहरुको आधारभूत स्वास्थ्य र सरसफाई सेवा प्रदान गर्ने कार्यमा नगरपालिकाको जिम्मेवारी प्रमुख रही आएको र सो को व्यवस्थापनमा स्पष्ट कानुनी व्यवस्था गरि कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले, "स्थानीय सरकार सञ्चालन ऐन २०७४ को ११ (२) (झ) वमोजिमका कार्यहरु गर्न शैल्यशिखर नगरपालिकाको प्रशाशकिय कार्यविधि (नियमित गर्ने नियमावली २०७५ को नियम ३ बमोजिम नगर कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक
### १. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस कार्यविधिलाई आधारभुत स्वास्थ्य तथा सरसफाई कार्यविधि, २०७६ भनिनेछ ।

(ख) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

(क) "कार्यविधि" भन्नाले शैल्यशिखर नगरपालिकाको स्वास्थ्य तथा सरसफाई कार्यविधि २०७६ लाई सम्झनु पर्छ।

(ख)"संघीय ऐन" भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई बुझ्नु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले शैल्यशिखर नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) "सरकारी वा सामुदायिक" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(ङ) "निजी" भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी संचालन हुने स्वास्थ्य संस्था सम्झनु पर्दछ ।

(च) "ट्रष्ट वा लोककल्याणकारी" भन्नाले ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(छ) "अनुगमन समिति" भन्नाले दफा ५ अनुसार नगरपालिकामा गठिन स्वास्थ्य सेवा तथा सरसफाइ अनुगमन समितिलाई सम्झनु पर्दछ ।

(ज) "व्यवस्थापन समिति" भन्नाले दफा ६ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(झ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा नगर स्वास्थ्य केन्द्र/शहरी स्वास्थ्य केन्द्र आयुर्वेदिक औषधालय सम्झनु पर्दछ ।

### परिच्छेदः २

### आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था :

**३.आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु** : स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु तीन प्रकारका हुनेछन ।

**(क) सरकारी वा सामुदायिक** : सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य केन्द्र, आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, सामुदायिक स्वास्थ्य इकाई, नगर स्वास्थ्य केन्द्र, आयूर्वेद केन्द्रहरु सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक संस्था हुनेछन् ।

(ख) **निजी क्षेत्रद्वारा संचालित :** अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक,प्रयोगशाला, फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक संस्था हुनेछन् ।

(ग) **ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको अधिनस्थः** ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछ ।

**४. स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड** : स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे वमोजिम हुनेछ ।

**५. "स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन तथा कार्यान्वयन समिति" गठन,काम, कर्तव्य र अधिकार :**

(१) स्थानीय नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख र अनुगमन गर्न स्थानीय स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन तथा कार्यान्वयन समितिको गठन गरिने छ। यस समितिको गठन यस प्रकार हुनेछः।

(क) नगर प्रमुख -अध्यक्ष

(ख) सामाजिक विकास समिति संयोजक -सदस्य

(ग) नगर प्रमुख र नगरकार्यपालिकाबाट मनोनित एक/एक जना गरी दुई जना कार्यपालिका सदस्य -सदस्य

(घ) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी कार्यपालिकाले तोकेको १ जना -सदस्य

(ङ) आमा समूह र स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येबाट कार्यपालिकाले तोकेको प्रत्येक वर्ष परिवर्तन हुने गरी १ जना -सदस्य

(च) स्वास्थ्य संस्था व्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक वर्ष परिवर्तन हुने गरी कार्यपालिकाले तोकेका १ जना -सदस्य

(छ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ज) स्वास्थ्य शाखा प्रमुख/उप प्रमुख -सदस्य सचिव

**(२) स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।**

(क) आफ्नो कार्य क्षेत्र भित्रको स्वास्थ्य तथा सरसफाइ योजना तयार गर्ने ।

(ख) नगरपालिकाका क्षेत्र भित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी नगरपालिकालाई आवश्यक सिफारिस गर्ने ।

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने ।

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने

(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने, मिलाउने।

(ज) नगर कार्यपालिकालाई स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

(झ) तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

(ञ) विभिन्न खाले महामारी तथा विपद को व्यवस्थापन तथा पुर्वानुमान सम्बन्धि आवश्यक व्यवस्था मिलाउने ।

**६. स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार :**

(१) सामुदायिक अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकी (स्वास्थ्य संस्था व्यवस्थापन समिति) व्यवस्थापनका लागि देहायका बमोजिम सदस्य रहने गरी हरेक संस्थाको छुट्टाछुट्टै व्यवस्थापन समिति गठन गरिने छ ।

**(क) अस्पताल व्यवस्थापन समितिः देहाय बमोजिम ११ सदस्यीय अस्पताल व्यवस्थापन समिति रहनेछ।**

१) नगर प्रमुख -अध्यक्ष

२) नगर उप प्रमुख -उपाध्यक्ष

३) सम्बन्धित अस्पताल क्षेत्रको वडा अध्यक्ष -सदस्य

४) प्रमुख प्रशासकिय अधिकृत -सदस्य

५) सामाजिक समिति संयोजक/कार्यपालिकाले तोकेको व्यक्ति -सदस्य

६) kaaryapalee कार्यपालिका सदस्य मध्ये कम्तीमा १ जना महिला सहित ३ जना -सदस्य

७) स्वाथ्य शाखा प्रमुख/उप-प्रमूख -सदस्य

८) जिन्सी शाखा प्रमुख -सदस्य

९) अस्पताल प्रमुख -सदस्य सचिव

**(ख) अस्पताल सुदृढीकरण, अनुगमन, कृयान्वयन तथा खरीद इकाई** : अस्पताल भित्र/अन्तर्गत विभिन्न कार्य संचालन गर्न, खरीद कार्य गर्न (सशुल्क तथा निशुल्क औषधि तथा औषधिजन्य सामाग्रीहरु खरीद गर्न), निर्माण तथा मर्मत कार्य गर्न, साथै अस्पताललाई सुदृढ हुने कार्य गर्न देहाय बमोजिमको ७ सदस्यीय इकाई गठन गरिनेछ।

१) नगर प्रमुख -संयोजक

२) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

३) नगरपालिकाको जिन्सी प्रमुख -सदस्य

४) जनस्वास्थ्य प्रमुख वा उप-प्रमुख -सदस्य

५) अस्पताल लेखा प्रमुख -सदस्य

६) सम्बन्धित अस्पताल क्षेत्रको वडा-अध्यक्ष -सदस्य

७) अस्पताल प्रमुख -सदस्य सचिव

**(ग) प्राथमिक स्वास्थ्य केन्द्र, आयुर्वेदीक औषधालय, शहरी स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीमा स्वास्थ्य संस्था व्यवस्थापन समिति देहाय बमोजिम ७ सदस्यीय हुनेछ।**

**संरक्षक - नगर प्रमुख**

(१) सम्बन्धित संस्था रहेको वडाको वडाध्यक्ष -अध्यक्ष

(२) समितिले मनोनीत गरेको महिला सदस्य -सदस्य

(३) ब्यापार संघको प्रतीनीधी -सदस्य

(४) स्वास्थ्य संस्था नजिकको उच्चतम विद्यालयको प्रधानाध्यापक -सदस्य

(५) सम्बन्धित संस्था रहेको वडाको वडा सचिव -सदस्य

(६) सम्बन्धित क्षेत्रका महिला स्वास्थ्य स्वयंसेविकाहरुको प्रतिनिधि मध्ये समितीबाट मनोनित १ जना -सदस्य

(७) सम्वन्धित स्वास्थ्य संस्थाको प्रमुख -सदस्य सचिव

**(घ) समितिको बैठकमा आवस्यकता अनुसार निजि तथा गैरसरकारी संघ संस्थाका प्रतिनिधिलाई आमन्त्रण गर्न सकिने छ ।**

(२) **स्वास्थ्य संस्था व्यवस्थापन समितिको काम, कर्तब्य निम्नानुसार** हुनेछन् :

(क) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत वडा कार्यालय तथा नगरपालिकामा पेश गर्ने ।

(ख) व्यवस्थापन समितिको नियमित बैंठक गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने ।

(ग) वार्षिक समिक्षा, सामाजिक परीक्षण तथा लेखा परीक्षण जस्ता अनुगमन तथा मूल्याङ्कनका कार्यक्रम संचालन गर्ने ।

(घ) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी नियन्त्रण, अनुगमन, पृष्ठपोषण,मुल्यांकन तथा परिचालन गर्ने ।

(ङ) स्वास्थ्य घुम्ति शिविरहरु संचालन गर्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने । साथै बाह्य तवरबाट संचालनमा आएका घुम्ति शिविरलाई पनि व्यवस्थापन, समन्वय तथा सहकार्य गरी संचालन गर्न सहयोग गर्ने।

(च) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धि कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक समन्वय, सहकार्य तथा अनुगमन जस्ता कार्य गर्ने ।

(छ) कर्मचारीको कामको आधारमा पुरुस्कार र दण्डको साथै सरुवा, काज सरुवा गर्न वा काज फिर्ता सिफारिस गर्ने ।

**७. बैंक खाता संचालन** : हरेक स्वास्थ्य संस्थाले स्थानीय स्तरमा वैंक खाता खोल्न सक्नेछ ।

(१) स्वास्थ्य संस्थाको वैंक खाता नेपाल सरकारको नियमानुसार सम्बद्ध संस्थास सम्बन्धित दुई जनाको संयुक्त दस्तखतबाट ब्यवस्थापन समितिको निर्णयानुसार संचालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण नगरपाालिकाले तोके बमोजिम हुनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अस्पतालको हकमा लेखापाल,अस्पताल व्यवस्थापन समिति अध्यक्ष तथा अस्पताल प्रमुखको नाममा संयुक्त खाता संचालन हुनेछ। यदि अस्पतालमा लेखापाल नभएको खण्डमा पदीय जेष्ठताको आधारमा लेखाको जिम्मेवारी दिई खाता संचालन हुनेछ।साथै आर्थिक भुक्तानीको हकमा दुई जनाको सही बाट बैंक र अस्पतालको आर्थिक कारोबार हुनेछ।

(४) आर्थिक हिनामिना भएको ठहरिएमा वा खाता वाला व्यक्ति प्रति अविश्वासको शंका,उजुरी परेमा प्रमाणित हुन गएमा “स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन तथा कार्यान्वयन समिति” ले तोकेको सम्बन्धित कार्यालयको अन्य जेष्ठ कर्मचारीको नाममा खाता संचालन हुनेछ।

## परिच्छेदः ३

## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड :

**८. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड देहाय बमोजिम हुनेछ।**

(१) **अस्पताल** : नगरपालिका आफैले तोकिएको मापदण्डमा १५ शैयासम्म क्षमताको अस्पताल संचालन गर्न सक्नेछ। यस्तो अस्पताल संचालन गर्न नगरपालिकाल अस्पताल संचालन नियमावली तर्जुमा गरी संचालन गर्नेछ।

(२) **स्वास्थ्य चौकी** : नगरपालिकाले प्रत्येक वडा अर्थात जनसंख्याको अनुपातमा कम्तिमा देहायका पूर्वाधार पुरा गरी स्वास्थ्य चौकी संचालन गर्नुपर्नेछ :

(क) **जनशक्ति** : अधिकृत छैटों (हे.अ.अधिकृत वा सि.अ.हे.व.अधिकृत)-१ जना,
सहायक पाँचौं (हेल्थ असिस्टेण्ट वा सि.अ.हे.व. पाँचौं) -१ जना,
अहेव चौथो -१ जना, अनमी पाँचौं -१ जना, अनमी चौथो १ जना
आवश्यकता अनुसार सहायक कर्मचारीहरु।

(ख) **भवन कोठा** : प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष, प्रसुति कक्ष, ओ.पि.डी. कक्ष, बैठक कक्ष जस्ता सुविधा सहितको भवन।

(ग) **उपकरण** : प्राथमिक उपचारका आधारभूत उपकरण, प्रसुति गराउन चाहिने आवस्यक उपकरणहरु, बिरामी जाँच गर्दा चाहिने आधारभुत उपकरणहरु, आदि।

(३) नगरपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा ध्यान लगायतका रोकथाम मुलक र वैकल्पिक चिकित्सा सेवा को प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसँगको साझेदारीमा वा नगरपालिका आफैंले कम्तीमा एउटा आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्नु सक्नेछ।

(४) **नगर स्वास्थ्य केन्द्र वा सामुदायिक स्वास्थ्य इकाई** : नगरपालिकाले आफ्नो वडा भित्रका पहुँच नपुगेका बस्ती तथा दुर्गम गाँउ, टोलका लक्षित जनसंख्यालाई लाभान्वित हुने गरी एक वडामा बढीमा २ वटासम्म यस्ता स्वास्थ्य इकाई स्थापना गर्न सक्नेछ। साथै यस्ता इकाई स्थापना गर्दा अति आवस्यक उपकरणहरु तथा भौतिक पुर्वाधारहरुको व्यवस्थापन पनि अनिवार्य रुपमा गर्नुपर्नेछ।नगर स्वास्थ्य केन्द्र वा सामुदायिक स्वास्थ्य इकाईको पूर्वाधार देहाय अनुसार हुनेछ।

(क) **दरबन्दी** : अ.हे.व. चौथो-१ जना, अ.न.मी. चौथो-१ जना, का.स.-१ जना र स्विपर-१ जना।

(ख) भवन कोठा र उपकरणको व्यवस्था आवस्यकता अनुसार न.पा तथा सम्बन्धित वडाले समन्वय गरी अनिवार्य व्यवस्थापन गर्नेछन।

**९. निजी क्षेत्रले अस्पताल संचालन गर्न सक्ने।**

(१) नगरपाालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोक कल्याणकारी संस्थाद्वारा अस्पताल संचालन गर्न चाहेमा १५ शैया सम्मको संचालन अनुमती नगरपालिकाले दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अस्पताल संचालन गर्न चाहने निकायले अनुमतीको लागि तोकिएको ढाँचामा नगरपालिकामा निवेदन दिनु पर्नेछ।

(३) स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन तथा कार्यान्वियन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सक्नेगरी आशय पत्र प्रदान गर्न नगर कार्यपालिकालाई सिफारिस गर्नेछ।

(४) उपदफा (३) को आधारमा नगर कार्यपालिकाले ६ महिनाको समयभित्र तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ।

(५) तोकिएको समयसीमा भित्र यसै कार्यविधि बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतीका लागि नगर कार्यपालिकामा निवेदन दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल संचालनको अनुमती प्रदान गर्न सक्नेछ।

(७) आशयपत्रमा उल्लेख गरिएको समय सिमा भित्र तोकिएको मापदण्ड पुरा गरेको नपाईएमा स्वीकृति प्रदान गर्न नसकिने वा स्वीकृति खारेज गर्न सकिनेछ ।

**१०. अस्पताल संचालन गर्न आवश्यक मापदण्ड** : नगरपालिकाको स्वीकृतीमा संचालन हुने अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ।

(१) **जनशक्ति** : कम्तिमा ३ जना एमविविएस, १ जना विषेशज्ञ डाक्टर, कम्तिमा ८ जना नसिङ स्टाफ, पारामेडिकल ४ जना, कम्तिमा १ जना ल्याव टेक्निसियन, फार्मेसी सहायक १ जना, १ जना रेडियोग्राफर वा डार्करुम असिष्टेन्ट र १ जना एनेस्थेटिक सहायक, १ जना ल्याब सहायक र आवश्यकतानुसार सहायक र सहयोगी स्वास्थ्यकर्मी हुनुपर्ने।

(२) **भवन तथा कोठा** : दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने कक्ष वा क्याविन,नर्सिङ कक्ष, प्रशासन कक्ष, प्रसुति कक्ष, ए.सी. सहितको अप्रेसन कक्ष,एक्सरे कक्ष, भिडियो एक्सरे कक्ष,अप्रेसन पछि बिरामी राख्ने कक्ष, टि.भि. सहितको प्रतिक्षालय,पार्किङ,आदि।

(३) **उपकरण र पूर्वाधार** : सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता,विरामी राख्ने बेड र लाइफ सपोर्ट सिष्टम, प्राथमिक उपचारमा चाहिने सम्पूर्ण उपकरणहरु, एक्सरे, भिडियो एक्सरे, ल्याबका न्युनतम उपकरणहरु, BSL/ALS का उपकरणहरु तथा औजारहर , वारुण यन्त्र, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको,अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहर व्यवस्थापनको प्रणाली भएको हुनुपर्ने।

**११. पोलिक्लिनिक संचालनको अनुमती :**

(१) नगरपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक संचालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी स्वीकृती लिनु पर्नेछ।

**१२. प्रयोगशाला वा ल्याबोरेटोरी संचालनः**

व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्यावोरेटोरी संचालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित नगरपालिकाबाट स्वीकृती लिनु पर्नेछ।

(१) संचालकको विवरण र नागरिकताको प्रमाणपत्र

(२) प्रयोगशाला वा ल्याबोरेटोरी संचालन गर्ने स्थान, घरधनी र संचालकबीचको घरभाडा सम्बन्धी संझौता पत्र

(३) रेडियोलोजी वा प्याथोलोजी विषयमा न्यूनतम ३ वर्ष अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र।

(४) ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार

(५) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण

(६) प्रस्तावित लागत

**१३. फार्मेसी संचालनको अनुमती:**

(१) नगरपालिका क्षेत्रभित्र फार्मेसी संचालन गर्न चाहेमा नगरपालिका बाट अनुमति लिनु पर्नेछ।

(२) आधारभूत फार्मेसी शिक्षा प्राप्त ब्यक्ति सञ्चालक रहने गरी फार्मेशी सञ्चालन गर्ने स्थान, विक्री वितरण गर्ने औषधीका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्ने।

(३) फार्मेसी सञ्चालनमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाण पत्र, नागरिकता र हालको वसोवास ठेगाना प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिस साथ आवेदन पेश गर्नुपर्ने।

(४) प्राप्त विवरण सहितको आवेदन बमोजिम फार्मेसी संचालनको अनुमती दिन सक्नेछ।

**१४.मापदण्ड पुरा नगरेमा सजाय हुने :**

(१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा संचालनको स्वीकृती लिंदा तोकिएको मापदण्ड पुरा नभएको तर भुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पुरा गरेको पाइएमा अनुगमन समितिले गरी सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृती खारेजीको लागि नगरपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन बाहेकका ब्यक्तिले रगत, दिशापिसाव, खकार लगायतको परिक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला वन्द गराउन सक्ने, सञ्चालकलाई कालोसूचीमा राखी सो को आम जनतालाई जानकारी दिइनेछ ।

(३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र सहयोगी वाहेक अरुले औषधी बेचेको पाइएमा सचेत गराउने,जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सकिने ।

**१५.सहुलियत र छुटको ब्यवस्था गर्नुपर्नेः** निजी लगानी र ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परिक्षणका क्रममा लाग्ने शुल्क नगरपालिकाको सिफारिसमा निश्चित प्रतिशत सेवाग्राहीहरुका लागि छुट वा मिनाहा दिनु पर्नेछ ।

१६.नेपाल सरकारले अनुमति दिएका साना निजि स्वास्थ्य क्लिनिक, मेडिकल नगरपालिकामा संचालन गर्न पाईनेछ । जसका लागि संचालकले नागरिकताको प्रमाणपत्रको छाँयापत्र र संचालकको विवरण पेस गर्नुपर्नेछ । साथ संचालकको योग्यता प्राथमीक उपचार सम्बन्धि स्वास्थ्य ब्यवसाय संचालनका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट अहेव वा सिएमए वा एच. ए तह उत्तिर्ण गरेको हुनुपर्छ ।

**१७.शुल्क तथा राजस्व :**

निजि तवरबाट वा ट्रष्ट वा लोक कल्याणकारी संस्थाबाट अस्पताल, क्लिनिक, नर्सिङ्ग होम, फार्मेसी, प्रयोगशाला तथा अन्य डाइग्नोटिक सेवा आदि संचालन गरे वाफत यस न. पा. को आर्थिक तथा राजस्व सम्बन्धि मापदण्ड अनुसार कर, राजस्व तथा सेवा शुल्क तिनुपर्नेछ।

## परिच्छेदः ४

## स्वास्थ्यकर्मी व्यवस्थापन तथा स्वास्थ्य स्वयमसेवा सम्बन्धी व्यवस्थाः

**१८. स्वास्थ्यकर्मीको व्यवस्थापन** : नगरपालिका भित्रका सामुदायीक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन् :

(१) **स्थायी** : नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु

(२) **करार** :स्थानीय माग र विशिष्टताका आधारमा नगरपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु।

(३) **अभ्यासकर्ता** : स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं नगरपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा नगरपालिकाले भर्ना गर्न सक्नेछ । यस्ता अभ्यासकर्तालाई वढीमा १ वर्षको लागि भर्ना गर्न सकिने छ ।

(४) **स्वास्थ्य अभियानकर्ता र स्वयंसेविका**

**१९. अभियानकर्ता/स्वास्थ्य स्वयंसेविकाको ब्यबस्था :**

स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन नगरपालिकाले पुरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु नियूक्त गर्न सक्नेछ ।

(१) महिला स्वयंसेविका र पुरुष अभियानकर्ताहरु नियूक्तिका लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता न्युनतम १० कक्षा अध्ययन गरेको सम्वन्धित वडाको विवाहित नागरिक हुनुपर्नेछ।

(२) एउटा वडामा अधिकतम संख्या १० हुने गरी औसत प्रति ३०० जनसंख्याको लागि १ जना महिला स्वयंसेविका र १ जना पुरुष अभियानकर्ताको सिफारिस वडा समितिले नगरपालिका समक्ष गर्न सक्नेछ ।साथै नगरपालिकाले आवस्यकताका आधारमा नियुक्ती गर्नेछ।

(३) प्रत्येक स्वयंसेविका र अभियानकर्ताहरुले आधारभूत स्वास्थ्य सम्वन्धी १८ दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ। नगरपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम अभिमुखीकरण प्रदान गर्नेछ।

(४) यस कार्यविधि लागु हुनु भन्दा पहिले देखि नै कार्यरत महिला स्वयंसेवीकाहरु मध्ये निरक्षर र ५० बर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको व्यबस्था गरि बिदाइ गरिनेछ र नयाँ नियुक्त गर्दा कम्तिमा १० कक्षा उतिर्णलाई मात्र नियुक्ति दिइनेछ।

## २०. स्वास्थ्यकर्मीको सेवा सुविधा :

(१) **स्थायी स्वास्थ्यकर्मी :** नेपाल सरकारले तोकेको स्केल बमोजिम तलव र नगर कार्यपालिकाले तोके वमोजिमको अन्य सेवा सुविधा।

(२) **करार स्वास्थ्यकर्मी :** प्रचलित तलब स्केल र दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ।

(३) **अभियानकर्ता /स्वयंसेविका :** पोशाक, वार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाईएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ।

**२१. स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियूक्ति** :सामुदायिक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको स्वीकृत दरबन्दी अनुसार तहगत जेष्ठताका आधारमा शाखा प्रमुखको सिफारिसमा प्रमुख प्रसासकीय अधिकृतले नियुक्ति गर्नेछ। साथै ONM Survey गराई थप स्थायी तथा करारका दरबन्दी नगरसभाले निर्धारण गर्नेछ।

(१) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन वा सरुवा वा नियुक्ति भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहनेछन्। समायोजन वा सरुवा वा नियुक्ति भइ नआएका कर्मचारीहरुको हकमा नगरपालिकाले समायोजन वा सरुवा वा नियुक्ति भइ नआउन्जेल सम्म करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्नेछ।

१.२ सामुदायिक वा सरकारी स्वामित्वमा रहेका स्वास्थ्य संस्था वा स्वाथ्यचौकी तथा नगर स्वास्थ्य केन्द्रमा श्रेणी वा तहगत रुपमा वरिष्ठताका आधारमा प्रमुख हुनेछ।

(२) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दी पदमा करार नियुक्ति गर्नु पर्ने भएमा करार नियुक्ति सम्बन्धी व्यवस्था देहाय वमोजिमको छनौट समितिबाट हुनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - संयोजक

(ख) सम्बन्धित स्वास्थ्य संस्था प्रमुख वा नगरपालिकाले तोकेको व्यक्ति -सदस्य

(ग) नगरपालिकाको आधारभुत स्वास्थ्य तथा सरसफाई उपशाखा प्रमुख – सदस्य सचिव

(३) छनौट समितिले आफ्नो मापदण्ड आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## २२. कर्मचारी सरुवा :

(१) स्थायी स्वास्थ्यकर्मीको हकमा निजले कुनै एक स्वास्थ्य संस्थामा अधिकतम ५ वर्ष सेवा गरे पश्चात अर्को स्वास्थ्य संस्थामा सरुवा हुनुपर्नेछ। विशेष परिस्थिती बाहेक न्यूनतम ३ वर्ष एउटै स्वास्थ्य संस्थामा कार्य गरेपछि मात्र सरुवा हुनेछ।

(२) विशेष अवस्थामा बाहेक न्यूनतम ३ वर्ष एकै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा नगरपालिकामा सरुवाका लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनका आधारमा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ ।

(३) विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या,पति पत्नी सगैं रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्त बुझ्दो कारण समेत बुझिनेछ ।

**२३.कार्यसम्पादन करार सम्झौता गर्नुपर्ने :**

स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौंताको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

(१) नगरपालिका प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले आधारभुत स्वास्थ्य तथा सरसफाई उपशाखा प्रमुख सँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्नेछ ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुनेछ । करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले तयार पारी नगरकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**२४.कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कार:**

(१) कार्यसम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गर्नु पर्दछ ।

(२) कार्यसम्पादन सम्झौताको मूल्याङ्कन, पुरस्कार र सजाय नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेदः ५

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था:

**२५. वार्षिक खरिद योजना बनाउनु पर्ने :**

(१) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य तथा सरसफाई शाखाको सहयोगमा खरिद एकाईले तयार गर्नेछ ।

(३) अति आवस्यक औषधि सुचि नेपाल सरकार तथा प्रादेशिक सरकारले तोकेभन्दा कम हुनु पर्ने छैन ।

**२६. औषधी तथा स्वास्थ्य उपकरण खरिद इकाई :**

नगरपालिका भरिका स्वास्थ्य संस्थाहरुको लागि औषधि तथा औषधि जन्य सर-सामाग्रीहरु, उपकरणहरु खरिद गर्न, सो को लागत तयार गर्न, अनुगमन तथा व्यवस्थापन गर्न देहाय बमोजिम ५ सदस्यीय नगरपालिका स्तरीय “औषधी तथा स्वास्थ्य उपकरण खरिद इकाई” गठन हुनेछ।

१) नगर प्रमुख वा निजले तोकेको व्यक्ति – संयोजक
२) प्रमुख प्रशासकीय अधिकृत -सदस्य
३) लेखा प्रमुख -सदस्य
४) सामाजिक विकास शाखा अन्तर्गतको कर्मचारी -सदस्य
५) औषधि भण्डार गर्ने व्यक्ति -सदस्य
६) स्वास्थ्य शाखा प्रमुख -सदस्य सचिव

**२७) औषधी तथा स्वास्थ्य उपकरण खरिद:**

(१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले प्रक्रिया अघि वढाउने छ ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानुनहरुको प्रावधान अनुसार गर्नुपर्ने छ ।

**२८. औषधी तथा स्वास्थ्य उपकरणको भण्डारण:**

(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरण साथै औषधिजन्य सामाग्रीहरुको सुरक्षित भण्डारण, जिन्सी व्यवस्थापन, LMIS Reporting, वितरणको ब्यवस्था नगरपालिका आधारभूत स्वास्थ्य तथा सरसफाई उपशाखाले मिलाउने छ ।

(२) स्वास्थ्य उपकरण र औषधीको खरिद त्रैमासिक रुपमा गर्नुपर्ने छ । खरिदको परिमाण निर्धारण सम्वन्धित वडा समितिले माग गरे वमोजिम २०% मा नवढाईकन गर्नुपर्ने छ ।

(३) नगरपालिकाले खरिद गरेको उपकरण र औषधीको कुल परिमाण र मूल्य खरिद मितिको २ हप्ताभित्र सार्वजनिक गर्नु पर्नेछ ।

(४) सम्वन्धित सामुदायिक स्वास्थ्य संस्थाले नगरपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्वन्धी विस्तृत विवरण त्रैमासिक रुपमा सार्वजनिक गर्ने र सम्वन्धित वडा समिति मार्फत नगरपालिकामा बुझाउनु पर्नेछ ।

(५) औषधि तथा उपकरण खरिद गर्दा भविष्यमा हुनसक्ने र घट्न सक्ने महामारि एवं विपदलाई समेत मध्यनजर गरी गर्नुपर्नेछ ।

## परिच्छेद ६

## स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था:

**२९. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने:**

(१) नगरपालिकाले स्थानीयस्तरमा सञ्चालित चिकित्साकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ । स्थानीय स्वास्थ्य सेवा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरि सो अनुरुप कार्य गराउन निर्देशन दिनेछ ।

**३०. सामाजिक सुरक्षा कार्यक्रम, संचालन तथा व्यवस्थापन:**

(१) नगरपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक सहजिकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु संचालन तथा व्यवस्थापन गर्नेछ ।

(२) आबश्यकतानुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गरि संचालन तथा व्यवस्थापन गर्नुपर्नेछ ।

(३) नगरकार्यपालिकाले आवस्यकता अनुसार स्वास्थ्य बिमा सम्बन्धि सम्पूर्ण कार्य संचालन, अनुगमन, तथा व्यवस्थापन प्रदेश तथा संघ संग समन्वय गरी गर्नसकिनेछ। साथै सम्पूर्ण जन प्रतिनिधि, स्थायी तथा करारका कर्मचारीहरुले अनिवार्य रुपमा स्वास्थ्य बिमा परिचय पत्र बनाउनुपर्नेछ।

**३१. सरसफाई र स्वच्छताका लागि अनुगमन तथा नियमन:**

(१) स्वस्थ खानेपानी र खाद्य पदार्थको गुणस्तर एवं वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले आवश्यक व्यवस्था मिलाउनेछ ।

(२) प्रदुषण वढाउने उद्योग, संस्थान वा ब्यक्तिलाई सो सम्वन्धी सचेत गराउन र सो बाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति गराउन सिफारिस गर्न सक्नेछ ।

(३) सिफारिस वमोजिम स्थानीय कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्बन्धी व्यवस्था मिलाउन सक्नेछ ।

(४) स्वास्थ्य सम्बन्धि स्वच्छताका लागि आकस्मिक कोष खडा गरी प्रयावरण स्वच्छता गर्ने व्यवस्था मिलाउन सकिनेछ ।

## परिच्छेद ७

## महामारी रोकथाम, फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था:

### ३२. रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्ने:

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सो को जानकारी २४ घण्टा भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(२) कसैलाई नसर्ने रोग लागेमा सो को जानकारी ५ दिन भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(३) टिपोट गराइएका रोगीहरुको विवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र नगरपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

### ३३. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान संचालन गर्नुपर्ने:

(१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा नगरपालिकाले सोको प्रभाव क्षेत्र निर्क्यौल गरी विद्यालयहरु वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउन सक्नेछ ।

(२) यस्तो परिस्थितीमा महामारीबाट थप क्षती हुन नदिन आवश्यक शर्तकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ ।

### ३४. सूर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन:

(१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणको लागि नगरपालिकाबाट छुट्टै अनुमती लिनु पर्नेछ ।

(२) खाद्य पदार्थ विक्रि गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गर्न बन्देज लगाइने छ ।

(३) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निशेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय, हाटवजार जस्ता क्षेत्रहरुको निश्चित दुरी भित्र धुम्रपान र मदिरापान निषेध गर्नेछ ।

(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा नगरपालिकाले कारवाही गर्न सक्नेछ ।

### ३५. सरसफाई सम्बन्धि कार्यक्रम तथा फोहोर मैला व्यवस्थापन:

(१) नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका वैठकबाट अनुमोदन गराउनु पर्ने छ ।

(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वयंसेविकाहरु परिचालन गरि सवै घरपरिवार सम्म वितरण गर्नेछन् ।

(३) घर निर्माण गर्दा शौचालयको फोहर व्यवस्थापन गर्ने विधि र घरेलु फोहर बिसर्जन गर्ने स्थानको अनिवार्य ब्यवस्था भएको हुनुपर्ने छ ।

(४) एक परिवारको सौचालय, ढल र फोहरमैला ब्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपूर्ति हानी पुर्याउने परिवारले तिर्नुपर्ने छ ।

(५) शहरी तथा अर्ध शहरी क्षेत्रमा निस्कासित फोहरमैला पुन प्रयोग गरि कम्पोष्ट मल बनाइएको अवस्थामा नगरकार्यपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्ने छ ।

## परिच्छेद ८
## विविध

**३६. प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिस:**

१. राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल तथा निदान केन्द स्थापनाका लागि सम्वन्धित वडा र नगरपालिकाबाट सिफारिश लिनुपर्नेछ।
(२) उपदाफा (१) बमोजिमको सिफारिस लिंदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनिकरणका लागि कार्यक्रम र वजेट प्रस्ताव गरिएको हुनुपर्नेछ।
(३) सिफारिसका लागि नगरपाालिका आर्थिक ऐनले तोके वमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ।

**३७. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनु पर्नेः**

स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले संचालन गरेको अभियानलाई नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले समन्वय गर्ने छ।

**३८.**आमा समूह, धामी झाक्री र आम्ची सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई स्वास्थ्य तथा सरसफाई शाखाले अनुगमन र नियमन गर्नेछ।

**३९.**नगरपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य र सरसफाई सम्बन्धी संस्थाहरुले आफ्नो प्रगति विवरण त्रैमासिक रुपमा नगरपालिका समक्ष बुझाउनु पर्नेछ।

४०.नगरपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारीनिकाय,निर्माणब्यवसायी, सामाजिक संघ/संस्था, ट्रष्ट र ब्यक्तिहरुसँग बिभिन्न कार्यहरुका लागि साझेदारी गर्न सक्ने छ र तिनीहरुबाट औषधी, उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ।

४१.**पुनरावेदन :** तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानून वमोजिम पुनरावेदन लाग्नेछ।

४२.**नियम बनाउने अधिकार :**

(१) यस कार्यविधि कार्यान्वयनको लागि नगर कार्यपालिकाले आवश्यक निर्देशिका बनाई लागु गर्न सक्नेछ।

**४३. बाधा अडकाउ फुकाउने अधिकार :**

यस कार्यविधीको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै कार्यविधिमा परे सरह मानिनेछ। तर यस्तो आदेश नगर कार्यपालिकाले ६ महिना भित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ।

४४.**बचाउ र लागु नहुने :**

(१) यो कार्यविधी वा यस कार्यविधी अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ।
(३) संविधान सँग बाझिएको यस कार्यविधिका दफा तथा उपदफाहरु बाँझिएको हदसम्म स्वतः खारेज हुनेछ।

आज्ञाले
सुरेन्द्रबहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत